स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



निःसन्देह, दयाहाङ राई वर्तमान समयका नेपाली फिल्मका ठूला स्टार हुन् । कुनै बेला अभिनेता राजेश हमालको टाउको पोस्टरमा राखेकै भरमा फिल्म बिक्थ्यो भनेझैं अहिले केही हदसम्म दयाहाङको हकको त्यो .देखिन्छ । अघिल्लो वर्ष उनको फिल्मले पाएको सफलताले पनि त्यसलाई पुष्टि गर्छ । यद्यपि, उनका फिल्म 'कन्टेन्ट'को बलमा चलेका हुन् भन्ने अर्को पक्षलाई पनि नकार्न मिल्दैन । सफलताले दयाहाङ अहिलेका सर्वाधिक 'बिकाउ अभिनेता' बनेका छन् ।

**आजको विचार...**



के...

(दुई पेजमा)

डा.डीआर उपाध्याय



अभिनेत्री केकी अधिकारीको निर्माण तथा अभिनय गरेको फिल्म 'बोक्सीको घर'को चार दिनको कलेक्सन रिपोर्ट सार्वजनिक गरिएको छ । चार दिनमा ३ करोड २४ लाख कमाई गरेको वितरक कम्पनीले जनाएको छ ।

❒ वर्ष २९ ❒ अंक २७१ ❒ २०८१ वैशाख १९ गते बुधबार 1 May 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### मस्जिदमा बन्दुक आक्रमणमा छ को मृत्यु

**(रासस/एएफपी)**

**काबुल,** बैशाख १८/पश्चिमी अफगानिस्तानमा बन्दुकधारीले एक मस्जिदमा आक्रमण गर्दा छ जनाको मृत्यु भएको सरकारका एक प्रवक्ताले मंगलबार बताएका छन् । गृह मन्त्रालयलका प्रवक्ता अब्दुल मतिन कानीले सोमबार राति करिब नौ बजे हेरात प्रान्तको गजुरा जिल्लामा एक अज्ञात हतियारधारीले मस्जिदमा नागरिक उपासकहरूमाथि गोली चलाएको बताए ।

"छ नागरिक सहिद भए र एक जना घाइते भएका छन्", मंगलबार बिहान उनले सामाजिक सञ्जाल एक्समा लेखे । सरकारी बख्तर समाचार एजेन्सीले आक्रमणमा मर्नेहरूको संख्या त्यति नै भएको उल्लेख गरेको छ । घटना प्रान्तीय राजधानी हेरात सहरको दक्षिणमा रहेको एक जिल्लामा भएको थियो । अहिलेसम्म कुनै पनि समूहले आक्रमणको दाबी नगरे पनि विश्लेषकहरूले इस्लामिक स्टेटको क्षेत्रीय अध्याय अफगानिस्तानमा सबैभन्दा ठूलो सुरक्षा खतरा रहेको बताएका छन् ।

# दुनाटपरी उद्योगबाट आत्मनिर्भर हुने प्रयास

**डम्मर बुढा मगर/रासस**

**ढोरपाटन (बागलुङ),** बैशाख १८/ बागलुङ नगरपालिका-३ की ७७ वर्षीया भद्रकली पुनलाई दुई महिना अगाडिसम्म दिन बिताउन निकै गाह्रो थियो । बुढेसकालमा भारी काम गर्न नसक्ने, घरमा यतिकै बस्दा समय बिताउन गाह्रो हुँदा मोबाइलमा भिडियो हेरेर बस्थिन् । हिजोआज उनको दैनिकी फेरिएको छ । दिन कसरी बिताउने भन्ने चिन्ता पनि हरायो । उनी अहिले हरेक दिन उद्यमशील महिला मगर संघले सञ्चालन गरेको दुनाटपरी उद्योगमा बिताउँछिन् । अचेल उनलाई उद्योगमा महिलाहरुसँग गफिँदै टपरी बन्दाबुन्दै समय बितेको पत्तै हुँदैन । दुई महिना अगाडि उद्यमशील महिला मगर संघले सञ्चालन गरेको दुनाटपरी उद्योगमा अर्धबैँसे र वृद्ध महिलाहरु भेटिन्छन् । उद्योगमा कोही टपरी बनाइरहेका भेटिन्छन् त कोही सिन्का चिरिरहेका हुन्छन् । उद्योगले महिलालाई स्वरोगार त बनाएको छ नै आत्मनिर्भरसमेत बनाइरहेको छ ।

उद्योग सञ्चालनमा आएको छोटो समयमै दुनाटपरीको माग बढ्न थालेपछि महिलालाई भ्याइनभ्याइ छ । गत फागुनदेखि सञ्चालनमा आएको उद्योग महिलाहरुको गतिलो आयस्रोतको माध्यम बन्न थालेको छ । उद्योग सञ्चालनमा आएपछि वनमा खेर गएका सालको पातले पनि बजार पाउन थालेको छ । उद्योगमा २८ महिला आबद्ध छन् । विसं २०७६ देखि महिलाहरुले संगठित भएर बंगुरपालन थालेका थिए ।

महिलाहरुले अघिल्लो वर्ष अफ्रिकन स्वाइन फिवर महामारीका कारण छ सय बंगुर मरेपछि दुनाटपरी उद्योग सञ्चालन गरेका हुन् । बंगुर मर्दा रु १५ लाख बढी नोक्सानी भएको थियो । उनीहरु बिहान-बेलुका घरको काम गर्ने र फुर्सदको समय टपरी बुन्ने गर्छन् । महिलाहरुले सुरुआती चरणमै दुई महिनाको अवधिमा करिब रु दुई लाख आम्दानीसमेत गरेका छन् ।

भद्रकलीले छोरी, बुहारी र नातिहरुसँगै दिनभर उद्योगमै बसेर टपरी बुन्छन् । सुख, दुःखका मन्थन गर्दागर्दै दिन बितेको थाहै नहुने उनले बताए । दुनाटपरी बुन्दा समस्या नहुने हुँदा उद्योग र यहाँ काम गर्ने महिलाहरु आफ्नो सारथी बनेको भद्रकलीले सुनाइन् । उनले भनिन्, "दिनदिनै मोबाइल चलाउँदा आँखा दुख्ने, टाउको दुख्ने हुन्थ्यो, दिनभर घरमा बस्दा बस्दा दिक्क लाग्ने गर्थ्यो, अहिले यहाँ (उद्योगमा) धेरै नानीहरु आउँछन्, उनीहरुसँग कुराकानी गरेर टपरी बुन्छु, दिन बितेको थाहै हुँदैन, नानीहरुले धेरै राम्रो काम गरेका छन्, म बूढीमान्छे पनि आबद्ध भएको छु, काम गर्न त सक्दैन, त्यही पनि दुई/चारवटा टपरी बुन्छु, मेरो लागि त दिन बिताउने आधार बनेको छ, आम्दानी पनि हुन्छ ।" सालको पातलाई बाँसको सिन्काले उनेर परम्परागत तरिकाबाट बनाउने दुना तथा टपरीलाई आधुनिक ढंगले उत्पादन गर्न थालिएको छ । वनमा खेर गइरहेको सालको पातको सदुपयोग गर्दै दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको हो । धार्मिक कार्यका लागि महत्वपूर्ण मानिँदै आएको दुनाटपरी पछिल्लो समय अन्य प्रयोजनमा समेत प्रयोगमा आउन थालेको छ । उद्योगमा आबद्ध सदस्य दिलमाया काउचाले नयाँ कामको सुरुवात भएको हुँदा सिक्दै स्वरोजगार बन्दै गरेको बताइन् ।

(...बाँकी अन्तिम पेजमा)



सन्तोष चलचित्र मन्दिरमा...



नेपाल अधिराज्यभर अपार सफलतापूर्वक चलिरहेको अभिनेत्री **केकी अधिकारी**को निर्माणका तथा अभिनय रहेको साथै चर्चित गीत **'बुझिन्न मैले'** रहेको चलचित्र **'बोक्सीको घर'** भव्यताका साथ चलिरहेको छ । स-परिवारका साथ अवश्य हेर्नुहोला ।

**शो समय :**
*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*

*टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

श्रमिकको अधिकार सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

*"श्रमको सम्मान, राष्ट्रको अभियान"*
*अन्तर्राष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# आज अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइँदै

**पाल्पा,** बैशाख १८/आज अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइँदै छ । 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' नारासहित शुरु भएको मजदुर आन्दोलनको सम्झनामा विश्वभर अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउन थालिएको हो । श्रमिकको हक अधिकारको सुनिश्चितताका लागि दवाब दिने उद्देश्यले हरेक वर्ष श्रमिक दिवस मनाइदै आइएको हो ।

नेपालमा वि.सं २००७ सालदेखि श्रमिक दिवस मनाउन थालिएको हो । विराटनगरमा २००७ सालमा मजदुर आन्दोलनसँगै श्रमिक दिवस मनाउन थालिएको हो । तर २०४६ को राजनीतिक परिवर्तनपछि मात्रै मे १ तारिखमा सार्वजनिक बिदा दिन थालिएको हो । श्रमिक अधिकारको व्यवस्था संविधानमासमेत समावेश छ । उक्त व्यवस्था कार्यान्वयन गर्न दवाव दिन मे दिवस मनाउन थालिएको हो ।




सन् १८८६ मा अमेरिकाको सिकागोमा आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम भन्ने नारासहित मजदुर आन्दोलन भएको थियो । उक्त दिनको सम्झनामा नेपालसहित विश्वभर श्रमिक दिवस मनाइन्छ । सन् १८८९ मा फ्रान्सको पेरिसमा सम्पन्न विश्वका श्रम संगठन एवम् श्रमिक नेताको बैठकले मे १ तारिखका दिन अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने घोषणा गरेसँगै सन् १९९० देखि विश्वभर यो दिवस मनाउने गरिएको हो ।

मनोरञ्जन

# पूजाको 'दान्भी' अब असार ७ मा

अभिनेत्री पूजा शर्माले पहिलोपटक एक्सन भूमिकामा अभिनय गरेको फिल्म 'दान्भी' अब आगामी असार ७ गतेबाट प्रदर्शनमा आउने भएको छ । पूजाको जन्मदिनको अवसरमा फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि फिल्मलाई जेठ १० गते ल्याउने तयारी गरिएको थियो । तर, यो मितिमा दुई ठूलो फिल्म 'पूजार सार्की' र 'फर्की फर्की' आउने भएपछि फिल्मको रिलिज सारिएको हो ।

रुपेश तामाङको निर्देशनमा तयार भएको फिल्ममा पूजाको जोडी कुन्साङ बम्जनसँग बाँधिएको छ । दुई दर्जन बढी म्यूजिक भिडियोमा काम गरिसकेका कुन्साङले यही फिल्मबाट डेब्यु गरेका हुन् । त्यस्तै, 'पर्खि बसें तिमीलाई'बाट डेब्यु गरेका किरण श्रेष्ठको पनि फिल्ममा अभिनय छ । फिल्मको करिब ४ महिना अगाडि टिजर रिलिज भइसकेको छ । जसमा पूजा एक्सन अवतारमा प्रस्तुत भएकी थिइन् । यो फिल्म उनको करिअरका लागि विशेष मानिएको छ । देव मगर र अनुप गडाल निर्माता रहेको फिल्मका कार्यकारी निर्माता पवन राना मगर हुन् भने कमला मल्ल, पन्चबहादुर तामाङ, श्रवण कुमार श्रेष्ठ र जीवन तामाङ सह-निर्मातामा छन् । यसमा हरि बहादुर घलेको छायांकन, रविना थापा मगरको कथा, संजोग कुँवर रानाको पटकथा तथा संवाद, श्री श्रेष्ठको द्वन्द्व निर्देशन तथा अर्जुन पोखरेल, नरेश जोशी र केदारराज नेपालको संगीत छ ।



*-फिल्मी खबर डटकम*

# विराजको '१२ गाउँ'मा सनिशा

अभिनेता बिराज भट्टले निर्माण गर्न लागेको फिल्म हो '१२ गाउँ' । फिल्म अहिले प्रि प्रोडक्सनमा छ । यस्तैमा फिल्मको अभिनेत्रीको रूपमा सनिशा भट्टराई छनौट भएकी छन् । सनिशा मोडल हुन् । फिल्मको निर्देशन पनि भट्टले नै गर्न लागेका हुन् । भट्टले आफ्नो फिल्ममा सनिशा मुख्य कलाकारको रूपमा भित्रिएको जानकारी दिए ।

उनले सनिशासँगको केही तस्बिर सेयर गर्दै सामाजिक संजालमा भनेका छन्, 'धेरै सम्भावना बोकेकी, सौन्दर्य तथा कलाकी धनी सनिसा भट्टराई हाम्रो १२ गाउँ चलचित्रमार्फत प्रमुख भूमिकामा आफ्नो फिल्मी यात्राको सुरुवात गर्दै । उहाँलाई धेरै धेरै बधाई तथा शुभकामना ।' सनिशाले गायक हिमाल सागरको 'ए होर माया', अनु चौधरीको 'तिमीलाई हेर्ने बानी पर्‍यो' लगायत थुप्रै गतिमा मोडलिङ गरेकी छन् । '१२ गाउँ'बाट पूर्वमिस नेपाल इन्टरनेसनल न्यान्सी खड्का र भट्टकै छोरा समीर पनि मुख्य भूमिकामा देखिँदै छन् ।

एक्सन-थ्रीलर विषयमा बन्न लागेको फिल्मको छायाङ्कन नेपाल र भारतमा हुनेछ । भट्टले केही वर्ष अगाडि 'साङ्लो' फिल्मबाट निर्देशकमा डेब्यु गरेका थिए ।



*-रातोपाटी डटकम*

# सिरियल 'बुहारी' अब टेलिभिजनमा पनि प्रसारणमा आउने

युट्युबमार्फत दर्शकमाझ आउने गरेको सिरियल 'बुहारी' अब टेलिभिजनमा पनि प्रसारणमा आउने भएको छ। दर्शकमाझ लोकप्रिय यो सिरियल हिमालय टेलिभिजनमा प्रसारणमा आउन लागेको हो । त्यस्तै, युट्युबमा ओएसआर डिजिटलमार्फत सिरियल सार्वजनिक हुने भएको छ ।

यसअघि 'बुहारी अफिसियल' युट्युबमा प्रसारणमा आउने सिरियलको डिजिटल अधिकारी ओएसआरले खरिद गरेको हो । सोमबार काठमाडौंमा आयोजित कार्यक्रमकाबीच आगामी शुक्रबारदेखि सिरियल हिमालय टेलिभिजन र ओएसआर डिजिटलमार्फत प्रसारणमा आउने जानकारी दिइएको हो । सो क्रममा हिमालय टेलिभिजनका कार्यकारी निर्देशक श्याम कँडेल र सिरियलको तर्फबाट निर्देशक रामचन्द्र बोहोराबीच लिखित सम्झौता भएको छ । त्यस्तै, ओएसआरका प्रबन्ध निर्देशक ओम प्रकाश अग्रवाल र सिरियलका निर्देशक बोहोराले पनि सोमबार नै लिखित सम्झौता गरेका छन् । 'बुहारी' राम्रो सिरियल भएकाले सहकार्य गरिएको ओएसआरका प्रबन्ध निर्देशक अग्रवालले बताए ।

हिमालय टेलिभिजनका निर्देशक कँडेलले आफूहरूले राम्रो कन्टेन्टलाई सधैं प्राथमिकता दिँदै आएको बताए । सिरियलका निर्देशक रामचन्द्र बोहराले हिमालय टेलिभिजन र ओएसआर डिजिटलसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए । आगामी दिनमा सिरियललाई अझ राम्रो बनाउँदै लैजाने आफूहरुको कोशिस रहने उनले बताए । हास्य कलाकार मरिचमान श्रेष्ठ 'बल्छि धुर्वे' र राजु पौडेल 'राजु मास्टर' समेत कार्यक्रममा शुभकामना दिन पुगेका थिए । 'बुहारी' सिरियलका शीर्ष कलाकार अनिता बैजु, लक्ष्मण विक्रम बस्नेतलगायतले समेत धारणा राखे ।

सेन्टिमेन्टल सिरियल 'बुहारी' मा रामचन्द्र बोहरा, अनिता बैजु, लक्ष्मी गिरी, देशभक्त खनाल, विजय देउजा, लक्ष्मण विक्रम बस्नेत, विद्या कार्की, महेशजंग थापा, सरिता राजोपाध्याय, अन्जु हमाललगायत कलाकारहरूको अभिनय रहँदै आएको छ । १ सय ७३ भाग प्रसारणमा आइसकेको सिरियललाई भवन भुजेलले छायांकन एवं सम्पादन गर्दै आएका छन् ।

*-सेतोपाटी डटकम*

# रेडियो नाटकजस्ता बोलिरहने सिनेमा




***नेपाली सिनेमामा डाइलग हाबी भएको आजदेखि होइन, सुरुआती समयदेखि नै हो । अधिकांश सिनेमामा लेखक नै हाबी भइरहेका हुन्छन्, जबकि सिनेमा निर्देशकको हो । निर्देशकीय माध्यम हो । यो महसुस फिडेलले पनि गर्दै आएका छन् । दूरदराजको गाउँमा खेतीकिसानी गर्ने व्यक्तिले सिनेमामा भव्य साहित्यिक डाइलग बोल्ने गरेको उनलाई बिझाउँछ । "डाइलग पनि यति हेवी हुन्छ, बिझाउने गरी प्रयोग भइरहेको हुन्छ," फिडेल भन्छन्, "तपाईं हामी बोल्दा जति सहज तरिकाले बोल्छौँ, सिनेमामा आउँदा त्यति सहज पनि आउँदैन ।" नेपाली सिनेमाका संवादमा पात्र होइन, लेखक बोल्छन् ।***

चलचित्र दृश्य भाषा हो, भनिरहनै परेन । दृश्यसँग जति खेल्न सक्यो त्यति सिनेमा राम्रो हुन्छ, धेरैले जाने/बुझेकै कुरा हो । तर, यही कुरा नेपाली मेकरले किन बुझेनन् ? अथवा, बुझेर पनि प्रयोग गरेनन् ? चलचित्र भिजुअल मिडियम भए पनि त्यसलाई नजरअन्दाज गरेर सिनेमा बनाइँदै छ । भिजुअल मिडियमलाई बेवास्ता गर्दै नेपाली सिनेमा डाइलगमा केन्द्रित भएका छन् । दृश्य भाषामा जोड नदिँदा चलचित्र रेडियो नाटकजस्ता बन्ने गरेका छन् । नबुझेर होस् वा बुझेर पनि प्रयोगमा नल्याएर होस्, नेपाली सिनेमा भिजुअल अथवा दृश्यसँग कमै खेल्ने गरेको निर्देशक फिडेल देवकोटा बताउँछन् । कतिपय सिनेमा हेर्दा चलचित्र दृश्य भाषा नै हो भन्ने तथ्यलाई नै भुल्ने गरेको महसुस हुने उनको भनाइ छ । "सिनेमामा कलाकारले म हिँडे है भनेर संवादमा पनि भन्छ र उठेर पनि हिँड्छ । दृश्यमा नै देखिन्छ भने किन संवाद चाहियो भन्ने हो," फिडेल भन्छन्, "मैले भनेको कुरा सबै ठाउँमा लागु नहोला, तर जहाँ लागु गर्न सकिन्छ, त्यहाँ दृश्यबाटै भन्न सकिन्छ अथवा दृश्यले नै बोलिरहेको छ भने किन संवाद आवश्यक रह्यो ?" भलै, यसमा मेकर स्वतन्त्र रहेको उनी बताउँछन् । कारण, आर्ट आफैँमा स्वतन्त्र हुन्छ । मेकरले क्यामेरा आफैँ बोल्छ भन्ने कुरा भुल्न नहुनेमा उनको जोड छ ।

कतिपय संवाद क्यामेराले नै बोलिरहेको अवस्थामा त्यसलाई न्यूनीकरण गर्न सकिने उनको धारणा छ । "क्यामेराको फ्रेम र क्यामेरा एंगल पनि आफैँ बोल्छ । साउन्ड र ब्याकग्राउन्ड स्कोर पनि बोलिरहेको हुन्छ," फिडेल भन्छन्, "कलर, लाइट र समयले पनि धेरै कुरा बोलिरहेको हुन्छ । हाइ एंगल र लो एंगलको अर्थ हुन्छ । अब्लिक एंगल कुन इमोसनका लागि प्रयोग गरिन्छ भन्ने कुराले पनि त अर्थ राख्छ ।" क्यामेराको मुभमेन्ट केका लागि गरिन्छ भन्नेमा ध्यान दिन आवश्यक रहेको उनी बताउँछन् । यी विषयमा ध्यान दिन सके सिनेमामा धेरैसंवाद आवश्यक नपर्ने उनको ठहर छ । तपाईंको सिनेमा 'रेड सुटकेस'मा कति डाइलग छ ? "मैले लेख्दा २७ वटा डाइलग लेखेको हो । ब्रेकडाउन गर्दा केही बढ्यो होला," जवाफमा उनी भन्छन् । संवाद छोट्याउने क्रममा केही बढेको उनको भनाइ छ । "मेकरले नबुझ्नुभएको भन्ने त लाग्दैन, थेउरीको ज्ञान नै नभएर हो भन्ने पनि लाग्दैन," उनी भन्छन्, "तर अनुभव र प्रयोग भने कम देखिन्छ । मेरो बुझाइमा प्रयोग गर्न डराएको हुनुपर्छ ।" सिनेमा निर्माणको सुरुदेखि नै संवाद होइन, दृश्यमा खेल्नुपर्छ भन्ने मनोविज्ञान र तयारीअनुसार काम गरे धेरै कमजोरीलाई लुकाउन सकिने उनको बुझाइ छ । नेपाली सिनेमामा डाइलग हाबी भएको आजदेखि होइन, सुरुआती समयदेखि नै हो । अधिकांश सिनेमामा लेखक नै हाबी भइरहेका हुन्छन्, जबकि सिनेमा निर्देशकको हो । निर्देशकीय माध्यम हो । यो महसुस फिडेलले पनि गर्दै आएका छन् । दूरदराजको गाउँमा खेतीकिसानी गर्ने व्यक्तिले सिनेमामा भव्य साहित्यिक डाइलग बोल्ने गरेको उनलाई बिझाउँछ । "डाइलग पनि यति हेवी हुन्छ, बिझाउने गरी प्रयोग भइरहेको हुन्छ," फिडेल भन्छन्, "तपाईं हामी बोल्दा जति सहज तरिकाले बोल्छौँ, सिनेमामा आउँदा त्यति सहज पनि आउँदैन ।" नेपाली सिनेमाका संवादमा पात्र होइन, लेखक बोल्छन् ।

लेखकले सिनेमामार्फत भन्न खोजेको के हो त्यसलाई संवादमा लेख्छन् र त्यही नै पात्रले बोल्छन् । यो नेपाली सिनेमाको कमजोर पक्ष हो । चलचित्रमा लेखक होइन, पात्र बोल्नुपर्छ । निर्देशक मीन भामलाई नेपाली सिनेमा रेडियो नाटकजस्तो लाग्छ । सिनेमामा ननस्टप कलाकार बोलिरहेको सुन्दादेख्दा उनलाई नेपाली सिनेमालाई रेडियो नाटकजस्ता चलचित्र भनेर टिप्पणी गर्न मन लाग्छ । "यसो भनिरहँदा मचाहिँ यसबाट अछुतो छु भन्ने होइन । म पनि जवाफदेही छु," मीन भन्छन्, "तर, समग्रमा भन्दा हाम्रा सिनेमामा संवाद हाबी छ, जबकि हाम्रो ध्यान दृश्यमा जानुपर्ने थियो ।" नेपाली सिनेमाको मुख्य कमजोरी नै यही भएको उनी औंल्याउँछन् ।

भइरहेको र गरिरहेको भन्दा बाहिर गएर नेपाली मेकरले काम नगरेको उनको बुझाइ छ । "म अरूलाई मात्र दोष दिन्नँ, मेरो आफ्नै चलचित्र 'कालोपोथी' लाई फर्किएर हेर्दा त्यो लाग्छ । हामीले सिनेमाका नाममा के रेडियो नाटक पो बनाइरहेका छौँ कि !," उनी भन्छन् । सिनेमा बनाइरहँदा भिजुअल माध्यममा काम गरिरहेको छु भनेर बिर्सिनु नै कमजोरी भएको उनको टिप्पणी छ । सकेसम्म कसरी संवादलाई दृश्यमा देखाउन भन्नेमा पर्याप्त काम हुन नसकेको उनी बताउँछन् । स्क्रिप्ट लेखनमा हुने कमजोरी पर्दामा देखिने गरेको छ । स्क्रिप्ट नै कमजोर भएपछि पर्दामा त्यसको असर देखिने मीनको बुझाइ छ । कमजोर स्क्रिप्टको जगमा त्यस्तै सिनेमा बनिरहेका उनी सुनाउँछन् । "हामीले स्क्रिनप्ले होइन, स्क्रिप्टका नाममा निबन्ध लेख्यौं भन्ने लाग्छ । मेरो आफ्नै काम, अनुभव र भोगाइसहितको आत्मसमीक्षा पनि हो यो," मीन भन्छन्, "यो हामी लेखक र निर्देशकको समस्या हो । यहाँ हरेक निर्देशकलाई लेखक बन्नैपर्नेछ, यो अर्को समस्या हो ।" मीन भिजुअल र राम्रो काम गर्न त्यतिकै राम्रो स्क्रिनप्लेको आवश्यकता औँल्याउँछन् ।

लेखक नै छैनन् के गर्ने त आफैँले नलेखेर भन्दै निर्देशक पन्छिने गरेको उनी स्मरण गर्छन् । तर, निर्देशक यसरी पन्छिन नमिल्नेमा उनी जोड दिन्छन् । अहिले जस्ता सिनेमा बनाइँदै छ, त्यस्तै बनाउँदै र प्रदर्शन गर्दै आउँदा यही नै मानक बनेको मीन बताउँछन् । नेपाली सिनेमा भनेकै यस्तै हुन् भन्ने भइसकेको मीनको गुनासो छ । यो मानकलाई तत्काल भत्काउन आवश्यक रहेको उनी टिप्पणी गर्छन् । "कहीं रेडियो नाटक हुँदै गयो । कहीं डाइलगले पन्चिङ हानेर इन्टरटेन गराउने काम भइरहेको छ । पन्चिङ लाइन लिएर कथा न्यारेट गर्ने चिजले दर्शकलाई मनोरञ्जन दिने अभ्यास गर्दै छौँ," उनी भन्छन्, "भिजुअल ल्यांग्वेज मिडियमले भिजुअल लिट्रेसी बढाउनुपर्ने थियो होला भनेर म आफैँलाई पनि लाग्छ ।" मीन आफैँले थुप्रै गल्ती गरेको महसुस भएको भन्दै अहिले त्यसलाई कम गर्ने प्रयास गरेको बताउँछन् । त्यसैले 'कालोपोथी'को भन्दा 'साम्बाला'को स्क्रिप्ट लेख्न आफूलाई कठिन भएको उनी सुनाउँछन् । डाइलगबाटै सिनेमा बुझाउन खोज्नु नै गल्ती भएको मीनको धारणा छ । "दोस्रो सिनेमा पनि रेडियो नाटक नै हुने अवस्था भयो, भिजुअलमा काम कहिले गर्ने भनेर मलाई साह्रै तनाव भयो, त्यसैले मलाई 'साम्बाला'को स्क्रिप्ट लेख्न समय लाग्यो," उनी भन्छन् । मीन मात्र होइन, अरू मेकर पनि नेपाली सिनेमामा भिजुअल ल्यांग्वेजमा काम गर्न नसकिएको स्वीकार गर्छन् । भिजुअलमा काम गर्न नसकेपछि डाइलगको सहारा लिइरहेको मेकर बताउँछन् ।

मेकिङमा कमजोर हुँदा पन्चलाइन प्रयोग गर्ने र दर्शकलाई हँसाउने प्रयास गर्दै सिनेमा बनिरहेका स्वयं निर्देशकको भनाइ छ । हरेक सिनमा हँसाएर मेकरले मेकिङको कमजोरी लुकाइरहेको निर्देशक नै उल्लेख गर्छन् ।

*-बाह्रखरी डटकम*

# डढेलो लगाएको आरोपमा दुई जना पक्राउ



**गुल्मी,** बैशाख १८/गुल्मीमा डढेलो लगाएको आरोपमा दुई जना पक्राउ परेका छन् । जिल्लाको रेसुङ्गा नगरपालिका-७ सिस्न्यारा पातल सामुदायिक वनमा डढेलो लगाउने दुईजना पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा रेसुङ्गा नगरपालिका-७ का ३८ वर्षीय राजकुमार पन्थी क्षेत्री र ४१ वर्षीय राजु जिसी रहेको डिभिजन वन कार्यालय गुल्मीका निमित्त वन अधिकृत पंकजकुमार ठाकुरले जानकारी दिए । उनीहरुलाई वन ऐन २०७६ मार्फत् आगो लगाएको कसूरमा मुद्दा चलाउने तयारी गरिएको छ । पक्राउ परेकालाई तीन वर्ष कैद र रु ६० हजार जरिवाना वा दुवै सजाय हुने निमित्त वन अधिकृत ठाकुरले बताए । आरोपी दुवै जनाले सामुदायिक वनमा आफूहरुले आगो लगाएको स्वीकार गरेका छन् । उनीहरुलाई नेटा बजारबाट आइतबार पक्राउ गरिएको थियो । उनीहरुले गत ७ गते आगो लगाएर फरार भएका थिए । डिभिजन वन कार्यालय गुल्मीले पत्रकार सम्मेलनको क्रममा गाउँमा बस्ती रित्तिदै गएको र झाडी बढ्दै जाँदा आगलागीका घटना बढिरहेको जनाएको छ । उनले सल्लाका रुख काट्ने बहस भइरहेको भन्दै केही नहुने ठाउँमा सल्ला भएकोले सल्ला काट्नको सट्टा सल्लीपिलर -सल्लाका पात) सफा गर्दा समस्या समाधान हुने बताए । कुनै व्यक्तिको लापरबाहीबाट डढेलो लागेको र त्यसले ठूलो क्षति गरेको भन्दै जनचेतना जगाउनु नै मुख्य काम भएको पत्रकार सम्मेलनका क्रममा ठाकुरले बताए । ठाकुरले आगो लगाएको सुराकी दिने व्यक्तिलाई गोप्य रुपमा पुरस्कार प्रदान गरिने पनि जानकारी दिए । हाल गुल्मीका १२ स्थानीय तहका ८० सामुदायिक वनमा डढेलो लागेको छ । डढेलोबाट दुई हजार बढी हेक्टर क्षेत्रफल वन नष्ट भएको डिभिजन वन कार्यालय गुल्मीले जनाएको छ । जिल्लाको इस्मा, मदाने र गुल्मी दरबारमा घरगोठमा थुप्रै क्षति भएको छ । घटनास्थलमा राहत र उद्धारको काम भइरहेको जनाइएको छ । *-रासस*

# दुनाटपरी उद्योगबाट...

...उद्योग सञ्चालनमा नआउँदा यतिकै घरमा बस्ने गरेको भन्दै अहिले दैनिक उद्योगमा आएर काम गर्ने गरेको उनको भनाइ छ । "सुरुआती चरणमा छौँ, अहिलेसम्म त धेरैले राम्रो भन्नुभएको छ, वनजंगलमा पुगेर पातहरु ल्याउँछौँ, बर्खाका लागि पनि अहिले नै पात ल्याएर गोदाममा राखेका छौँ, पानी पर्‍यो भने पात पाइँदैन पाइए पनि कुहिन्छ", काउचाले भनिन्, "उद्योगमा लागेपछि आयस्रोत पनि हुने भयो, पहिले टपरी बुन्नका लागि सिकेका थियौँ, अहिले आफैँ गर्न सक्ने भयौँ, महिला दिदीबहिनीहरु एक जुट भएपछि यो काम गर्न सहज भएको छ, बिस्तारै फस्टाउँदै जाने विश्वास दिएका छौँ ।" महिलाहरुले करिब रु तीन लाखको लागतमा दुनाटपरी बनाउने मेसिन ल्याएका छन् ।

बागलुङ बजार आसपासमा खेर गएका सालका पातलाई दुनाटपरी बनाएर बजारमा पठाउन थालिएको छ । पछिल्लो समय सालका पातका दुना तथा टपरीमा रेष्टुराँका परिकार बिक्री गर्न थालिएपछि यसको माग निकै बढेको उद्यमशील महिला मगर संघकी अध्यक्ष बलकुमारी पुनले बताइन् । दुनाटपरीलाई रु तीनदेखि रु आठसम्ममा बिक्री गर्दै आएको उनको भनाइ छ । विसं २०७५ मै महिलाहरु एकताबद्ध भएर सिर्जनात्मक काम गर्दै आएकामा फागुनदेखि व्यावसायिक रुपमा दुनाटपरी उत्पादनमा लागेको अध्यक्ष पुन बताउँछिन् । खासगरी धार्मिक स्थल, पूजाआज गर्ने ठाउँ र सार्वजनिक कार्यक्रम हुने ठाउँबाट दुनाटपरीको माग आउने गरेको उनको भनाइ छ । उद्योग सञ्चालनमा आएको दुई महिनामै धेरै ठाउँबाट मागसँगै हौसल थपिँदै गएपछि काम गर्न ऊर्जा थपिएको अध्यक्ष पुनले बताइन् ।

उद्योगमा काम गर्ने महिलाहरुले मासिक रु २५ देखि ३० हजारसम्म आम्दानी गर्नसक्ने उनले बताउँछिन् । हाल बजारीकरणमा कुनै समस्या नभएको भन्दै आयातित प्लास्टिकका सामग्रीलाई प्रतिबन्ध लगाउन सके स्थानीय उत्पादनले बजार पाउनसक्ने पुनको भनाइ छ । अध्यक्ष पुनले भनिन् "उद्यमशील महिला मगर संघले पाँच वर्ष अगाडि बंगुरपालन गरेका थियौँ तर रोगले गर्दा सबै मरे, त्यस बेला हामीहरुले रु १६ लाखभन्दा बढी क्षति व्यहोर्नु पर्‍यो, त्यसपछि अहिले दुनाटपरी उद्योग सञ्चालन गरेका छौँ, राम्रो हुँदै गएको छ, बेरोजगार दिदीबहिनीहरुले रोजगार पाएका छौँ, अहिले जसरी माग आइरहेको छ, त्यो मागलाई पूर्ति गर्नका लागि अझै धेरै कामदार चाहिन्छ, यद्यपी हामीहरुले अलि बढी समय दिएका छौँ, घरको कामधन्दा सकाएपछि बल्ल यहाँ आउँछौँ, धेरै तिरबाट माग आउँदा निकै उत्साहित भएर काम गरि रहेका छौँ ।"

**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१

खेलकुद समाचार

## विश्वकपका लागि भारतीय टोलीको घोषणा



**काठमाडौं,** बैशाख १८/यसै वर्ष आयोजना हुने टी-२० विश्वकप क्रिकेट प्रतियोगिताका लागि भारतीय टोलीको घोषणा गरिएको छ । भारती क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले मंगलबार रोहित शर्माको कप्तानीमा आफ्नो टोलीको घोषणा गरेको हो ।

टी-२० विश्वकपको नवौं संस्करण आगामी जुन १ तारिखदेखि अमेरिका र वेस्ट इन्डिजमा सुरु हुँदैछ । प्रभावशाली खेलाडी विराट कोहलीलाई पनि विश्वकप टोलीमा समावेश गरिएको छ । यसअघि कोहलीको विषयमा बीसीसीआई अन्यौलमा थियो । भारतीय टोलीमा यशस्वी जैसवाल, सूर्यकुमार यादब, ऋषभ पन्त र सन्जु सामसनले पनि स्थान पाएका छन् । सन्जु सामसन र ऋषभ पन्तले जारी इन्डियन प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरेका कारण विश्वकप टोलीमा स्थान पाएका हुन् । विश्वकपका लागि घोषित भारतीय टोलीमा रोहित शर्मा (कप्तान), यशस्वी जैसवाल, विराट कोहली, सूर्यकुमार यादब, ऋषभ पन्त, सन्जु सामसन, हार्दिक पाण्ड्या, शिवम दुबे, रविन्द्र जडेजा, अक्षर पटेल, कुलदीप यादव, युजवेन्द्र चहल, अर्शदीप सिंह, जसप्रित बुमराह र मोहम्मद सिराज रहेका छन् । टोलीमा शुभमन गिल, रिंकु सिंह, खलिल अहमद र आवेश खानलाई रिजर्व खेलाडीका रुपमा स्थान दिइएको छ । आगामी विश्वकपमा भारत समूह "ए" मा परेको छ । उक्त समूहमा पाकिस्तान, क्यानडा, आयरल्यान्ड र आयोजक अमेरिका रहेको छ । भारतले पहिलो खेल जुन ५ तारिखमा आयरल्यान्डसँग खेल्ने छ ।

## बट्लरको कप्तानीमा इङ्ल्यान्डको टोली

**काठमाडौं,** बैशाख १८/आईसीसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताका लागि इङ्ल्यान्डले मंगलबार आफ्नो टोलीको घोषणा गरेको छ । टी-२० विश्वकपको नवौं संस्करण जुन १ तारिखमा अमेरिका र वेस्ट इन्डिजमा सुरु हुँदैछ । इङ्ल्यान्डले विश्वकप टोलीमा क्रिस जोर्डनलाई पनि फिर्ता बोलाएको छ । जोफ्रा आर्चरले पनि टोलीमा स्थान पाएका छन् । क्रिस जोर्डनले पछिल्लो पटक सन् २०२३ को सेप्टेम्बरमा न्युजिल्यान्डविरुद्ध टी-२० प्रतियोगिता खेलेका थिए । इङ्ल्यान्डको टोलीमा जस बट्लर (कप्तान), मोइन अली (उपकप्तान), फिल साल्ट, विल ज्याक्स, जोनी बेयरस्टो, बेन डकेट, ह्यारी ब्रुक, लियाम लिभिङस्टोन, साम कुर्रन, क्रिस जोर्डन, टम हर्टली, आदिल रासिद, जोफ्रा आर्चर, मार्क उड र रिसे टप्ली रहेका छन् ।

अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा वृद्धि



**पाल्पा,** बैशाख १८/नेपाल स्टक एक्सचेञ्जका अनुसार (नेप्से) परिसूचकमा वृद्धि भएको छ । लगातार तेस्रो दिन पनि नेप्से सूचक बढ्दै २ हजार अंकमाथि उक्लिएको हो । तेस्रो लगानी सम्मेलनको पहिलो कारोबार दिन आइतबार १७ अंकमाथिले नेप्से सूचक बढेर उत्साहप्रद सुरुवात भएकोमा थप मंगलबार झण्डै २६ अंकले वृद्धि हुन पुगेको हो ।

उसो त यस दिन कारोबारमा समेत तीव्रता आउँदै ४ अर्ब ८० करोड रुपैयाँ बराबरको १ करोड १८ लाख ३८ हजार कित्ता सेयर दोस्रो बजारमा कारोबार भएको छ । अघिल्लो दुई दिन १७ अंकले नेप्से सूचक बढेको बजारमा ५ अर्ब ६४ करोड रुपैयाँ माथिको सेयर कारोबार भएको थियो । योसँगै मंगलबारसम्म १० अर्ब ४४ करोड रुपैयाँ माथिको सेयर कारोबार भएको छ । मंगलबार फाइनान्स समूहको उपसूचक बाहेक १२ वटा उपसूचक धनात्मक भएका छन् । सबैभन्दा बढी डेभलपमेन्ट बैंक समूहको उपसूचक ४.९० प्रतिशतले बढेको छ भने होटल तथा पर्यटन समूहको उपसूचक २.५३ प्रतिशतले र नन् लाइफ इन्स्योरेन्स समूहको उपसूचक २.३९ प्रतिशतले बढेका छन् । यसैगरी हाइड्रोपावर समूहको उपसूचक १.६२ प्रतिशतले बढेको छ भने माइक्रोफाइनान्स समूहको उपसूचक १.४१ प्रतिशतले, इन्भेष्टमेन्ट समूहको उपसूचक १.१३ प्रतिशतले र बैंकिङ समूहको उपसूचक १.१० प्रतिशतले बढेका छन् ।

कूल २४५ कम्पनीको सेयर दोस्रो बजारमा कारोबार भएकोमा मंगलबार २१५ कम्पनीको सेयर मूल्य बढेको छ भने २६ कम्पनीको घटेको छ । ४ वटा कम्पनीको मूल्य भने स्थिर रहेको नेप्सेले जनाएको छ । मंगलबार कर्पोरेट डेभलपमेन्ट बैंक र इन्फिनिटी लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने यता पोखरा फाइनान्स लिमिटेडको सेयर मूल्य ७.१८ प्रतिशतले घट्न पुगेको छ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई